# बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रामपुर, उदयपुर

**कोशी प्रदेश, नेपाल**

प. सं. २०८२।०८३

च.नं.

प्रथम पटक प्रकाशित मितिः २०८२।१०।०६

**कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धि सूचना।**

प्रस्तुत विषयमा यस बेलका नगरपालिकाको कृषि विकास शाखाको आ.व.२०८२/०८३ वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि क्षेत्रको आधुनिकीकरण तथा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न देहाय बमोजिमका कार्यक्रमहरुमा किसानहरुलाई अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले मिति २०८२/०९/३० गते बसेको आर्थिक विकास समितिको निर्णय अनुसार तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले यस सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र वा त्यस दिन सार्वजनिक बिदा रहे त्यसपछि कार्यालय खुलेको पहिलो दिन सम्म तल संलग्न अनुसूची १ बमोजिमको ढाँचामा विवरण भरी सम्बन्धित वडा कार्यालयमा तोकिएको कृषि प्राविधिक कर्मचारीलाई आवेदन बुझाउने गरी प्रस्ताव आव्हान गरिएको छ।

आवश्यक कागजातः

१. समूह, सहकारी, फर्म नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि र वडा कार्यालयको सिफारिस १ प्रति ।
२. समूह, सहकारीको हकमा सदस्यहरुको नाम र नागरिकताको विवरण ।
३. समूह, सहकारीको निर्णय प्रतिलिपि १ प्रति ।
४. जग्गाको विवरण ।
५. पान दर्ता प्रमाणपत्र प्रतिलिपि १ प्रति ।
६. संस्थाको हकमा करचुक्ता प्रतिलिपि १ प्रति ।
७. व्यक्तिको हकमा टोलविकास संस्थाको सिफारिस १ प्रति, वडा कार्यलयको सिफारिस र नेपाली नागरिकताको प्रतिलिपि १ प्रति ।

नोटः

१. अनुसुची १ को निवेदन।आवेदन फर्म वडा कार्यालयबाट पाउन सकिनेछ ।
२. आवेदन बुझाउनेः

| | |
|---|---|
| -वडा न. १ र २ को हकमा | वडा १ कृषि प्रविधिक **संगिता चौधरी** (९८६२९२३२८८,९८०५९३०३२१) |
| --वडा न. ४ र ५ को हकमा | वडा ५ कृ.प्रा- **अन्जना प्रधान** (९८४३१८८५७०) |
| -वडा न. ३, ६ र ९ को हकमा | बेलका नगरपालिका, कृषि विकास शाखा |
| -वडा न. ७ र ८ को हकमा | वडा ८ **गणेश पौडेल** (९७४५७०५८३५) |

* म्याद नागी आएका वा रित पुर्वक नआएका आवेदनलाई छनौट प्रकृयामा समावेश गरिने छैन।

रवि किरण आचार्य
अधिकृतस्तर आठौं

बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

२०७३

मितिः- २०८२।१०।०६

आ.व २०८२।०८३को कृषिको समानीकरण तथा सशर्त कार्यक्रमको विवरणः-

| | समानिकरण कार्यक्रम | | | | |
|---|---|---|---|---|---|
| क.स | कार्यक्रम/ योजनाको नाम | संख्या | अनुदान बजेट (रु) | आवेदन दिन सक्ने | कैफियत |
| | समानिकरण कार्यक्रम | | | | |
| १ | लहेर बाली तथा विविन्न तरकारीको विउ विजन वितरण कार्यक्रम (७५% अनुदान) | २०० | १५०,०००।- | कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म | |
| २ | किसानहरुलाई टनेल तथा मल्चिंग प्लास्टिक वितरण (५०% अनुदान) | १०० | ३००,०००।- | कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म | |
| ३ | हिंसा पिडित, एकल महिला,दलित महिला तथा पिछडिएको वर्ग लक्षित मागमा आधारीत कार्यक्रम(कृषि सामग्री - ८५ % अनुदान) | २० | १००,०००।- | लक्षित समुदाय वा किसान | |
| ४ | मागमा आधारित "एक वडा एक उत्पादन कार्यक्रम"(नरिवल र सुपाडीको विरुवा वितरण) | ल.स | ४,००,०००।- | कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म | कृषक।कृषक समुहलाई ८५% अनुदान तथा सार्वजनिक क्षेत्रमा शतप्रतिशत अनुदान |
| | सशर्त कार्यक्रम | | | | |
| ५ | आ.व. २०८१/०८२ मा स्थापना भएका पकेट विकास कायक्रमको निरन्तरता | ल.स | ६,००,०००।- | कृषक समुह, कृषि सहकारी, कृषि फर्म | अघिल्लो आ.व मा स्थापना भएका धान पकेट कार्यक्रम क्षेत्र भित्रका समुहहरलाई मात्र। |
| ६ | सिंचित क्षेत्रमा चैते धान प्रवर्द्धन कार्यक्रम | ल.स | १०,००,०००।- | | सम्बन्धित कार्यविधि बमोजिम प्राङ्ग्रारीक मल, सुक्ष्म खाध्यतत्व, झारनासक विषादि, किटनासक विषादि, रोगनाशक विषादि, धान सुकाउन त्रिपाल, लगायत अन्य कृषि सामग्री वितरण गरिने। |

नोटः आवेदन शुल्क नलाग्ने।

*(हस्ताक्षर)* २०८२।१०।०६

अनुसूची-१

आवेदन फारम

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

श्रीमान कार्यालय प्रमुख ज्यु

बेलका नगरपालिका, उदयपुर।

विषयः आवेदन पेश गरिएको सम्बन्धमा।

तहाँ कार्यालयको मिति २०८२............. गतेको प्रकाशित सूचना अनुसार हामी निवेदकले तपशिल बमोजिमको कार्याक्रम लागत साझेदारीमा संचालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेका छौं।

| | | | | |
|---|---|---|---|---|
| कार्यक्रमको नामः | | | | |
| क.स | विवरणहरुः | | | |
| १ | कृषक।कृषक समुह। कृषि सहकारी।कृषि फर्मको नामः | | | |
| २ | सम्पर्क व्यक्तिको नामः | | | |
| ३ | सम्पर्क नम्बरः | | | |
| ४ | वडा न. | | टोल बिकासको नामः | |
| ५ | लाभांवित घरधुरीः | | लाभांवित जनसंख्याः | |
| ६ | कार्यक्रमको महत्वः | | | |
| ७ | कार्यक्रमबाट सदस्य तथा लाभांवित घरघुरिलाई हुने फाईदाः | | | |
| ८ | योजनाले समेट्ने जग्गाको क्षेत्रफल(कठ्ठामा) | | | |
| ९ | जमिनको किसिमः | | | |
| १० | विगतमा बेलका नगरपालिका वा अन्य निकायबाट अनुदान ।सहयोग लिएको वा नलिएकोः | | | |
| ११ | कार्यक्रम बाट अपेक्षा गरिएको सेवा तथा सामग्रीः | | | |
| १२ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत विवरणः | | | |
| १३ | मन्जुरिनामाः प्रस्तुत विषयमा यस कार्यक्रमका लागि दिईएको विवरण वा पेश गरेको कागजात झुटो वा कैफियत देखिएको ठहरिएमा प्रचलित कानुन बमोजिम कारवाही सहौंला।भोगौंला। | | | |
| १४ | निवेदकको नामः | | संस्थाको छापः | |
| १५ | हस्ताक्षरः | | | |
| १६ | मितिः | | | |
| १७ | अन्य केहि भए खुलाउनेः | | | |